बकैया गाउँकार्यपालिकाको मिति २०७६।०५।२६ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. पहिरोबाट अवरुद्ध सडक सरसफाईका लागि बजेट विनियोजन सम्बन्धमा :-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाको केन्द्रलाई वडा कार्यालय सम्म जोड्ने तथा गाउँपालिका भित्रका अन्य मुख्य सडकहरु वर्षायाममा आएको पहिरोको कारणले अवरुद्ध भएकोमा तपशिल बमोजिमका सडकहरु तत्काल सुचारु गर्न मिति २०७६।०५।०५ गतेको बैठकले निर्णय गरेकोमा उक्त सडक खण्डलाई तपशिल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | सडक खण्ड | विनियोजित रकम रु. |
|---|---|---|
| १ | मोरङ्गे धियालडाँडा रजुवा नागदह सडक खण्ड | ५,००,०००।- |
| २ | बागदेव सरस्वती तिनढुङ्गे सडक खण्ड | ३,००,०००।- |
| ३ | चम्पाखहरे बङ्दह सडक खण्ड | २,००,०००।- |
| ४ | रातोथली माझीखोला सडक खण्ड | २,००,०००।- |
| ५ | भडौरा मसाने सडक खण्ड | ३,००,०००।- |
| ६ | सुधा ज्यमिरे गढवन सडक खण्ड | ९,००,०००।- |
| ७ | भिरकोट हर्दा कत्ले सडक खण्ड | ३,००,०००।- |
| ८ | सिरसिरे गोठडाँडा अखौंले सडक खण्ड | २,००,०००।- |
| ९ | कपासे भैरव दोभान सडक खण्ड | २,००,०००।- |
| १० | हात्तीसुँडे पिठुवाकुटे सडक खण्ड | २,००,०००।- |
| ११ | पिठुवाकुटे आहाले सडक खण्ड | ४,००,०००।- |
| १२ | अम्बास हाँडीखोला सडक खण्ड | ४,००,०००।- |
| १३ | जुरेली सानोथली सडक खण्ड | ५,००,०००।- |
| १४ | सानोथली घुम्ति सडक खण्ड | २,००,०००।- |
| १५ | सोवि आहाले सडक खण्ड | ५,००,०००।- |
| १६ | जितपुर कोलखोप ठिंगन मंथली सडक खण्ड | ६,००,०००।- |
| १७ | भिरकोट धियाँल सडक खण्ड | १,००,०००।- |

बकैया गाउँपालिका मकवानपुर

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर

| | |
|---|---|
| जम्मा | ६०,००,०००।- |

**२. तिज कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा वर्ष २०७६ को तिज कार्यक्रम गाँउपालिकाका विभिन्न क्षेत्रमा आयोजना भएकोमा वडा नं. ६ स्थित जुइना पर्यटन पार्क (गौतम बुद्ध पर्यटन पार्क) र वडा नं. ९ मा आयोजित तिज कार्यक्रमहरुका लागि उक्त कार्यक्रमहरुको विलभर्पाइ, तस्विर, वडाको सिफारिश लगायतको कागज प्रमाण सहित आयोजकबाट निवेदन पेश भएमा मूल्यांकन सहित क्रमश बढीमा रु ५०,०००।- र रु. २०,०००।- तथा अन्य स्थानमा संचालित तिज कार्यक्रमको हकमा उक्त कार्यक्रमहरुको विलभर्पाइ, तस्विर, वडाको सिफारिश लगायतको कागज प्रमाण सहित आयोजकबाट निवेदन पेश भएमा मूल्यांकन सहित आवश्यक रकम उपलब्ध गराउने निर्णय गरियो ।

**३. प्रभात माध्यमिक विद्यालयको जग्गा सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाँउपालिका अन्तर्गत वडा नं. ५ श्रीपुरमा स्थापित श्री प्रभात मा.वि. को पुरानो भवन भएको जग्गा मदन भण्डारी लोकमार्ग सडक निर्माण आयोजना निर्माण गर्ने क्रममा विद्यालयको विचबाट ज.वि. ०-३-३-०-० जग्गा सडक भित्र परेकोले पठनपाठन गर्न समस्या भएको कारण ७०० मिटर पूर्वमा विद्यालय साविक हटिया ८ हाल बकैया गाँउपालिका अन्तर्गत वडा नं. ५ श्रीपुरमा कित्ता नं. ३३६७ को ज.वि. ०-८-१०-० जग्गा खरिद गरि मिति २०६० साल देखि पठन पाठन गर्दै आईरहेको मदन भण्डारी लोकमार्ग सडक निर्माण आयोजना भन्दा १०० मिटर भित्र सञ्चालन गर्दै आएको र विद्यालयको नाममा २०३२ सालमा नाप नक्शा भई जग्गा धनी प्रमाणपर्जा प्राप्त भएको साविक हटिया ८, हाल बकैया गाँउपालिका वडा नं. ५ श्रीपुरको कित्ता नं. ११७२ ज.वि. ०-११-१४-० जग्गा स्थानीय व्यक्तिहरुलाई छाडपत्र गरि विक्री गरिसकेको हुनाले सम्बन्धित व्यक्तिहरुलाई रजिष्ट्रेसन पास गरि दिनको लागि विद्यालय व्यवस्थापन समितीको निर्णय र विद्यालयको पत्र सहित बकैया गाँउपालिका वडा नं. ५ कार्यालयको मिति २०७६।०४।२९ को च.नं. ८७ को सिफारिश प्राप्त भएकोमा विद्यालयको उक्त निर्णयको अनुमोदन गर्दै नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाडौंलाई सिफारिश गर्ने निर्णय गरियो ।

**४. माझी गोल्डकप आयोजनाको लागि रकम उपलब्ध गराउने सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा माझी समुदायले बकैया गाँउपालिकामा माझी गोल्डकप आयोजना गर्नका लागि गाँउपालिकाबाट आर्थिक सहयोग माग गरेकोमा सिमान्तकृत माझी समुदायले बकैया गाँउपालिका स्थित जुरेली खेल मैदानमा उक्त भव्य खेलकुद आयोजना गरेको हुँदा रु. ५,००,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातिसुडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

वामदेव खनाल
अध्यक्ष

५. संविधान दिवस मनाउने सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा मिति २०७६ असोज ३ गते संविधान दिवस (राष्ट्रिय दिवस) रहेको र सो दिवसलाई मनाउन नेपाल सरकार र प्रदेश नं. ३ सरकारबाट समेत परिपत्र भएकोमा यस गाँउपालिका तथा सबै वडा कार्यालयमा दिवस भव्य रुपमा मनाउने निर्णय गरियो ।

६. 'बकैया गाउँपालिकाको खर्च सम्बन्धि मापदण्ड, २०७६' स्विकृत सम्बन्धमाः-

बकैया गाँउपालिकाले सञ्चालन गर्ने तालिम, गोष्ठि, भ्रमण, कार्यशाला, अनुगमन, सुपरिवेक्षण तथा सार्वजनिक परीक्षण लगायतका कार्यक्रममा खर्च गर्नका लागि एकरुपता कायम गरी गाँउपालिकाका सवै योजना तथा कार्यक्रमको बजेट खर्चमा एकरुपता कायम गर्न साथै उक्त खर्चको पारदर्शिता समेत कायम गर्नका लागि सीमा तयार गर्न बान्छनीय भएकोले निम्नानुसारको मापदण्ड स्विकृत गरी लागु गर्ने निर्णय गरियो ।

## बकैया गाउँपालिकाको खर्च सम्बन्धी मापदण्ड, २०७६

प्रचलित ऐन नियममा खर्चको मापदण्ड तोकिएकोमा सोही बमोजिम गर्ने नतोकिएकोमा देहाय बमोजिम खर्च गर्नका लागि यो मापदण्ड तयार पारिएको छ ।

१. **गाउँ सभाको बैठक भत्ता :** स्पष्ट विषयवस्तु र कार्ययोजना बमोजिम गाउँ सभाको अध्यक्षको अध्यक्षतामा गर्ने गाउँ सभाको बैठकका पदाधिकारी र सचिव तथा बढीमा ४ जना सहयोगी कर्मचारीलाई प्रति बैठक रु १,००० बैठक भत्ता र खाजा नास्ता खर्च वापत रु २०० सम्म खर्च गर्न सकिनेछ ।

२. **गाउँ कार्यपालिकाको बैठक भत्ता :** स्पष्ट विषयवस्तु र कार्ययोजना बमोजिम गाउँ कार्यपालिकाको अध्यक्षको अध्यक्षतामा गर्ने गाउँ कार्यपालिकाको बैठकका पदाधिकारी र सचिव र १ जना सहयोगी कर्मचारीलाई प्रति बैठक रु १,००० बैठक भत्ता र खाजा नास्ता खर्च वापत रु २०० सम्म खर्च गर्न सकिनेछ ।

३. **वडा समितिको बैठक भत्ता :** स्पष्ट विषयवस्तु र कार्ययोजना बमोजिम वडाध्यक्षको अध्यक्षतामा गर्ने वडा समितिको बैठकका पदाधिकारी र सचिवलाई प्रति बैठक रु १,००० बैठक भत्ता र खाजा नास्ता खर्च वापत रु २०० सम्म खर्च गर्न सकिनेछ ।

४. **खाजा/खाना खर्च :** अतिरिक्त समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणीत गराई नियमित काम बाहेक विशेष कामको लागि दैनिक २ घण्टा भन्दा बढी अतिरिक्त समय काम गर्ने कर्मचारीलाई खाजा/खाना खर्च वापत प्रति २ घण्टाको रु २५० दिन सकिनेछ । तर सार्वजनिक विदाको काम गरे वापत खाजा/खर्चको लागि रु. ५०० उपलब्ध गराइनेछ।

५. **परिवहन खर्च :** परिवहन खर्च वापत बकैया गाउँपालिकाको वडा नं. १,१०,११,१२ को वडामा बैठकमा सहभागी हुने प्रतिनिधीहरुलाई आतेजाते वापत पारवाहन खर्च रु. ४०० र वडा नं. २,८,९ बाट बैठकमा सहभागी हुने प्रतिनिधीहरुलाई आतेजाते वापत पारवाहन खर्च रु. २०० दिन सकिनेछ। अन्यलाई परिवहन खर्च उपलब्ध गराइनेछैन ।

६. **सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तथा भ्रमण खर्च :** गाउँपालिकाको स्विकृत कार्यक्रम अनुसार सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार लगायतका



बकैया गाउँपालिका

कार्यक्रममा गरिने खर्चको मापदण्ड तल दिइएको छ। सो मापदण्डलाई आधार लिई खर्च गर्नुपर्नेछ। सो देखि बाहेकका विषयहरु र उल्लिखित दरभन्दा अधिक दरमा खर्च गर्नु परेमा गाउँ कार्यपालिकाको पूर्व स्विकृति लिएर मात्र गर्नु पर्नेछ।

| क्र.सं. | विवरण | गाउँ स्तर | कैफियत |
|---|---|---|---|
| १ | **राष्ट्रिय स्तरको श्रोत व्यक्ति/प्रशिक्षक पारिश्रमिक** | | • एउटा कक्षा कम्तीमा १.५ घण्टाको हुनुपर्दछ।<br>• कार्यपत्र भन्नाले कम्तिमा ७५० शब्दको प्रवन्ध सम्झनुपर्दछ। |
| | **क. कक्षा सञ्चालन वापत** | ४००० | |
| | **ख. कार्यपत्र/Handsout वापत** | १५०० | |
| २ | **जिल्ला स्तरको श्रोत व्यक्ति/प्रशिक्षक पारिश्रमिक** | | |
| | **क. कक्षा सञ्चालन वापत** | १५०० | |
| | **ख. कार्यपत्र/Handsout वापत** | १००० | |
| ३ | **आन्तरीक र स्थानीयस्तरको श्रोत व्यक्ति/प्रशिक्षक पारिश्रमिक** | | |
| | **क. कक्षा सञ्चालन वापत** | १५०० | |
| | **ख. कार्यपत्र/Handsout वापत** | १००० | |
| ४ | गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, उद्घाटन, समापनमा खाजा/सहभागि खाजा (प्रति व्यक्ति प्रति दिन) | १५० | • संयोजक, श्रोत व्यक्ति, प्रतिवेदक र सहयोगी कर्मचारी समेत |
| ५ | मसलन्द (गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाका लागि) | | • प्रशिक्षण कार्यको मसलन्द अन्तर्गत बोर्डमार्कर, पारदर्शक पाना, कार्यपत्रको छायाँप्रति, मेटाकार्ड, मास्किङ टेप इत्यादि। |
| | क. सहभागीको लागी प्रति सहभागी | १०० | |
| | ख. प्रशिक्षण कार्यशालाको लागि (प्रति कार्यक्रम) | १५०० | |
| ६ | प्रतिवेदन लेखन<br>क. १ दिनको कार्यक्रमका लागि<br>ख. २ वा सो भन्दा बढी दिनको कार्यक्रमका लागि | <br>१०००<br>३००० | |
| ७ | नियमित, समिक्षात्मक तथा अन्य बैठकका लागि<br>क. बैठक भत्ता<br>ख. पारवहन खर्च<br>वडा नं. १, १०, ११ र १२ को लागि<br>वडा नं. २, ८ र ९ को लागि | <br><br>१०००<br><br>४००<br>२०० | |
| ८ | अनुगमन, भ्रमण खर्च<br>क. वडा नं. १, २, ६, १०, ११ र १२मा<br>ख. वडा नं. ३, ४, ५, ७, ८ र ९ मा | <br>१६०० र १२००<br>१००० | |
| ९ | अन्य | | नेपाल सरकारले तोके बमोजिम |

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर ३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

## ७. साविक स्थानिय निकायका स्थायी कर्मचारीको रुपमा कार्यरत रहि समायोजित कर्मचारीको सेवा सुविधा सम्बन्धमा:-

गाँउ कार्यपालिकाको मिति २०७५।०९।०५ गतेको निर्णय बमोजिम साविक स्थानीय निकायमा कार्यरत रहि यस गाँउपालिका अन्तर्गत समायोजन भएका कर्मचारीहरुलाई तपशिल बमोजिम सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क सं | कर्मचारीको नाम | समायोजन गरिएको तह/पद | सेवा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | बलराम घिमिरे | आ. लेखा परिक्षक(सहायक स्तर पाँचौं) | नेपाल सरकारद्वारा सहायक स्तर पाँचौ तहको कर्मचारीका लागि तोकिए बमोजिम | |
| २ | शिव प्रसाद दहाल | सब इन्जिनियर(सहायक स्तर पाँचौं) | नेपाल सरकारद्वारा सहायक स्तर पाँचौ तहको कर्मचारीका लागि तोकिए बमोजिम | |
| ३ | लक्ष्मण प्रसाद घिमिरे | खरिदार(सहायक स्तर चौथो) | नेपाल सरकारद्वारा सहायक स्तर चौथो तहको कर्मचारीका लागि तोकिए बमोजिम | |
| ४ | बुद्धिमान माझी | कार्यालय सहयोगी(सहायक स्तर प्रथम) | नेपाल सरकारद्वारा श्रेणीविहिन प्रथम स्तरको कर्मचारीका लागि तोकिए बमोजिम | |

## ८. सामाजिक सुरक्षा भत्ता सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा आ.व. २०७६।७७ मा सामाजिक सुरक्षा भत्ता वृद्धी सम्बन्धमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको मिति २०७६।०५।२६ को पत्रानुसार तपशिल बमोजिमको दरमा सामाजिक सुरक्षा भत्ता कायम भएको व्यहोरा प्राप्त भएकोमा सोहि अनुसार सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल:

१. जेष्ठ नागरिक मासिक — रु. २,०००।-
२. एकल र विधवा महिला मासिक — रु. २,०००।-
३. पूर्ण अपाङ्गता मासिक — रु. ३,०००।-
४. अति अशक्त अपाङ्ता मासिक — रु. १,६००।-
५. लोपोन्मुख आदिवासी जनजाति मासिक — रु. ३,०००।-
६. बालबालिका (बाल संरक्षण अनुदान) मासिक — रु. ४००।-
७. ७० वर्ष पूरा भएका जेष्ठ नागरिक उपचार खर्च मासिक — रु. १,०००।-



बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर

खनाल

बकैया गाउँपालिका मकवानपुर

**९. बालमैत्री कार्यक्रम ब्रेक डाउन सम्बन्धमाः-**

यस बकैया गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा 'बकैया गाउँपालिका-कार्यक्रम' शिर्षक अन्तर्गत रहेको बालमैत्री कार्यक्रम' उपशिर्षकको रकमलाई बालमैत्री कार्यक्रम कार्यदलको सिफारिश अनुसार तपशिल बमोजिम ब्रेक डाउन गरी कार्यक्रम संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपशिल</u>

| क सं | विवरण | रकम(हजारमा) |
|---|---|---|
| १ | बालमैत्री स्वयंसेवक तलब | २१,६०,०००। |
| २ | बालमैत्री फोकल पर्सन तलब | २,२२,०००। |
| ३ | वडा स्तरीय आवधिक लगानी योजना निर्माण | १०,८०,०००। |
| ४ | आवश्यक सामाग्री खरिद | १,००,०००। |
| ५ | नियमित समिक्षा बैठक | ३,८०,०००। |
| ६ | वडा स्तरीय बैठक खाजा खर्च | ३,८०,०००। |
| ७ | संचार खर्च | ७८,०००। |
| ८ | फिल्ड/भ्रमण खर्च | २,६०,०००। |
| ९ | बालमैत्री कृयाकलाप र विविध | ३,४०,०००। |
| | जम्मा | ५०,००,०००। |

**<u>१०.</u> 'घ' वर्गको व्यवसाय प्रमाणपत्र अनुमति दिने सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा 'घ' वर्गको व्यवसाय प्रमाणपत्रको लागि श्री डण्डी बियो कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. बकैया-४ ले आवश्यक कागजात सहित दरखास्त पेश गरेको तथा बकैया गाँउपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम योग्य भएको पाईएको हुँदा उक्त प्रा.लि. लाई 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र दिने निर्णय गरियो।

**<u>११.</u> मेलमिलाप संयोजकको नियुक्ती लागू मिति सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा कार्यपालिकाको मिति २०७६।०५।०५ गतेको निर्णय बमोजिम श्री नरहरी गौतमलाई मेलमिलापकर्ता संयोजक पदमा करारमा नियुक्तीको निर्णय भएकोमा निजको नियुक्ती मिति २०७६ साल श्रावण १ गते देखि नै लागू हुने गरि नियूक्ति दिने निर्णय गरियो ।

बकैया गाउँपालिका ... मकवानपुर ... ३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष



बकैया गाउँपालिका मकवानपुर

१२. **आर्थिक सहयोग सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाँउपालिका वडा नं. ५ निवासी श्री राजकुमार थिङ्गका छोरा श्री मनोज थिङ्ग मिति २०७६।०१।०८ गते मदन भण्डारी लोकमार्गको गरगरे खण्डमा मोटरसाईकल दुर्घटना भई गम्भिर घाईते भएका र निज चितवन मेडिकल कलेज, भरतपुरमा उपचाररत रहेको तथा आर्थिक अवस्था कमजोर भएकाले उपचारका लागि ५ नं. वडा कार्यालयको सिफारिश प्राप्त भएको र निजको आर्थिक अवस्था कमजोर रहेकोमा निजलाई रु. २५,०००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१३. **एन्टी स्नेक भेनम र रेविज विरुद्दको भ्याक्सिन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेको छतिवन प्राथमिक स्वास्थ्य केन्द्रमा नियमित रुपमा एन्टी स्नेक भेनम र रेविज विरुद्दको भ्याक्सिन उपलब्ध गराउनको लागि सम्बन्धित निकाय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

बकैया गाउँपालिका मकवानपुर